**कक्षा :दश** पूर्णाङ्क ७५

विषयः नेपाली उत्तीर्णाङ्क ३०

समय :२ घण्टा १५ मिनेट

---

**१. समूह 'क' मा दिइएका शब्दहरूको अर्थ समूह 'ख' बाट पहिचान गरी लेख्नुहोस् :** २

| 'क' | 'ख' |
|---|---|
| बर्कत | महिमा |
| निस्तब्ध | विज्ञ |
| खाइबा | शक्ति |
| फिकदानी | चकमन्न |
| | खानेकुरा |
| | थुक्ने भाँडो |

**२. खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस्:** २

क) ......... अनेकार्थी शब्द हो । (पुतली , किरा , पानी )

ख ' सरिता 'को पर्यायवाची शब्द.......हो । ( नदी , ताल , झरना )

ग) ...........श्रुतिसमभिन्नार्थी शब्द हुन् । ( सब - शव , जब - तब , जहिले - तहिले )

घ) ' प्रत्यक्ष 'को विपरीतार्थी शब्द ......हो । ( विपक्ष , पक्ष , परोक्ष )

**३. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :** २

आत्था ! , जिते हस्तिनापुरको राज हारे चपरीमुनिको बास

**४. क. शुद्ध गर्नुहोस् :** २

बिभीषणले भने लडाइमा जितेको भुभाग स्वत विजेताको हुन्छ

**ख. तल दिएका शब्द समूहबाट शुद्ध शब्द छानी लेख्नुहोस्:** १

अ. बिरूप , विरूप , विरुप , बिरुप

आ.रीतिरिवाज , रितीरिवाज , रीतिरीवाज , रितिरिवाज

**५. रेखाङ्कित शब्दको शब्दवर्ग छुट्याउनुहोस् :** ३

हाम्रो देशको <u>शैक्षिक</u> नीति <u>परिवर्तन</u> <u>भएको छ</u> <u>त्यसैले</u> प्रश्नपत्रको नमुना <u>पनि</u> पहिले<u>भन्दा</u> भिन्न छ ।

**६.क. तलका उपसर्ग र प्रत्यय राखी एकएक शब्द बनाउनुहोस् :** २

उपसर्ग : बे , सु

प्रत्यय : ईय , ता

**अथवा**

**तलको अनुच्छेदबाट उपसर्ग र प्रत्यय लागेर बनेका दुईदुई ओटा शब्द पहिचान गरी लेख्नुहोस् :**

हामीले मौलिक संस्कृतिको संरक्षण गरेर हाम्रो सांस्कृतिक एकताको परिचय दिनुपर्छ । अनेकतामा एकता हाम्रो मूल चिनारी पनि हो ।

**ख. तलका शब्दको समास वा विग्रह गर्नुहोस् : १**

सात आनाको समूह , हरपल

**अथवा**

**तलको अनुच्छेदबाट एउटा समस्त शब्द र एउटा विग्रहको अवस्था पहिचान गरी समस्त शब्दको विग्रह र विग्रहित अवस्थाका शब्दको समास गर्नुहोस् :**

आज भोलि सानिमा बिरामी हुनुहुन्छ । उहाँ औषधी खानुहुन्छ । हरदिन व्यायामका साथै पाठ र पूजा पनि गर्नुहुन्छ ।

**७. कोष्ठकमा दिइएका धातु सङ्केतका सहायताले खाली ठाउँ भर्नुहोस् : २**

क) साथीहरू वनभोज..........................। (जा : अज्ञात भूत)

ख) गोपाल भोलि झापा .....................। (पुग् : सामान्य भविष्यत् )

ग) विवेक परिश्रमी ........................। (बन् : सामान्यार्थ )

घ) तिमी राम्रो चित्र ................ । (बनाउ :आज्ञार्थ)

**८. कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् : ४**

क) उनी उपन्यास पढ्दै छन् । (स्त्रीलिङ्ग)

ख) साथी कविता लेख्दै छे । ( कर्मवाच्य )

ग) भाइ सुन्तला खान्थ्यो । ( प्रेरणार्थक)

घ) रमेश घरमा जान्छ । ऊ आमालाई काम सघाउँछ ।( वाक्य संश्लेषण )

**९. सामान्य भूत कालका तीन ओटा क्रियापदको प्रयोग गरी आफ्नो साथीको बयान गर्नुहोस् । ३**

**१०. तलको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् । ५**

प्राकृतिक विषमता भएको सुदूर प्रदेशलाई दुर्गम क्षेत्र मानिन्छ । यही दुर्गम क्षेत्रभित्र पर्ने विभिन्न जिल्लाहरूमध्ये मुस्ताङ पनि एक हो । फलफूलको बगैँचा, शालिग्रामका साथै पवित्र धार्मिक स्थल मुक्तिनाथ आदिले प्रसिद्ध मुस्ताङ नेपालको एक चर्चित पर्यटकीय क्षेत्र हो । कृषिप्रधान देशको हिमाली भेगमा पर्ने दुर्गम जिल्ला मुस्ताङ मूलतः स्याउ र गाजरको उर्वर क्षेत्र मानिन्छ अर्थात स्याउ र गाजरलाई मुस्ताङको प्रतीक मान्न सकिन्छ । यहाँ नेपालकै सबैभन्दा बढी र राम्रो स्याउ उत्पादन हुन्छ, तर यातायात र सुरक्षित “कोल्ड स्टोर” को अभावमा उत्पादित स्याउले उचित बजार पाउन सकेको छैन र यहाँका किसानहरू प्रोत्साहित हुन सकेका छैनन् । यसतर्फ सरकार तथा सम्बन्धित निकायको ध्यान जानु नितान्त आवश्यक छ ।

**प्रश्नहरू :**

क. कस्तो क्षेत्रलाई दुर्गम क्षेत्र मानिन्छ ?

ख. मुस्ताङ कुनकुन कुराको लागि प्रसिद्ध मानिन्छ ?

ग. माथिको अनुच्छेदबाट एउटा संयुक्त वाक्य पहिचान गरी लेख्नुहोस् ।

घ. मुस्ताङको स्याउले किन बजार पाउन सकेको छैन ?

ङ. ‘चर्चित’ र ‘प्रोत्साहित ’शब्दको अर्थ लेख्नुहोस् ।

**११. तलको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् ।                ५**

अर्काको मपाइँत्व स्वीकार नगरेर म कै महिमाको मादल बजाउनु मपाइँ बन्नु हो । सभ्यताको जतिजति विकास हुँदै आयो ,उतिउति मपाइँत्व प्रवृत्ति पनि विष्णुमतिको मुला मौलाएझैँ मौलाउँदै आएको छ । त्यसैले प्रत्येक व्यक्ति आफूलाई हात्ती सम्झन्छ , अरूलाई बोका । अब समाज हात्तीहात्तीको हो वा बोकैबोकाको हो , कसले छुट्याइदिने ?अर्को शब्दमा मपाइँत्व एक नशा हो , यसले लठ्याएपछि कक्टेल पार्टीका श्रीमान्हरू झैँ सबै मपाइँहरू एकअर्काका बिच ठक्कर खान र चर्किन थाल्छन् । सम्झनुभएन ? राम र रावणको मपाइँत्व बजारिएर लङ्का उठ्यो , भीम र दुर्योधनको मपाइँत्व चर्केर कुरुक्षेत्र बन्यो ।

प्रश्नहरू:

क.मपाइँत्व बन्नु भनेको के हो ?

ख.के कुरा विष्णुमतिको मुला मौलाए झैँ मौलाएको छ ?

ग.हरेक व्यक्तिले आफूलाई र अरूलाई केके सम्झेको छ ?

घ.मपाइँत्वले लठ्याएपछि मानिसहरू के गर्न थाल्छन् ?

ङ. ककसको मपाइँत्वले लङ्का र कुरुक्षेत्रमा लडाइँ भयो ?

**१२) तलको गद्यांशबाट चारओटा बुँदा टिपी सारांश गर्नुहोस् ।                ५**

नेपाली हस्तकलाका विविध विधामध्ये थान्का (पौवा) चित्रलेखन पनि एक अद्वितीय मौलिक कला हो । यो सुती कपडामा लेखिन्छ । सुती कपडालाई काठको फ्रेममा कसी सपेता र सरेस मिलाएर पोतिन्छ । सपेता र सरेस सुकेपछि चिल्लो खालको काठको फलेकमा राखेर पानीले भिजाई ढुङ्गाले घोटिन्छ । यो क्रम धेरै पटक दोहोऱ्याएपछि मिहिन चिल्लो भई लेख्न योग्य हुन्छ । थान्का लेखनकलामा विशेष गरेर बुद्धका चित्रहरू बढी मात्रामा पाइन्छन् । यसमा विशेषतः बौद्ध धर्मका देवीदेवताको चित्र बनाइन्छ । यसमा पञ्चबुद्ध ,वज्रसत्व , अवलोकितेश्वर , मैत्रेयी , मञ्जुश्री वज्रपाणी ,ताराजस्ता देवदेवीका चित्रहरू बनाइन्छन् । यो थान्का लेखन नेपालबाहेक चीन, जापान, कोरिया, मङ्गोलिया, आदि देशहरूमा पनि प्रचलित छ । यो एक प्रकारको चित्रलेखन नै भए पनि सामान्य चित्रलेखनभन्दा फरक रहेको चर्चित चित्रलेखन कला हो ।

**१३)कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :              ४**

क. **दिइएका बुँदाहरूका आधारमा जीवनी तयार पार्नुहोस् :**

| | |
|---|---|
| नाम | लैनसिंह बाङ्देल |
| जन्म | वि. सं. १९८१ चैत २९, दार्जिलिङ |
| कृति | उपन्यास माइतघर, मुलुकबाहिर, लङ्गडाको साथी, रेम्ब्रान्ट |
| नियात्रा | युरोपको चिठी, स्पेनको सम्झना |
| जीवनी | युरोपका छ महान् कलाकार |
| विशेषता | कलामा उच्चशिक्षा प्राप्त, लेखन र चित्रकलामा रुचि |
| | कलकत्ताको विज्ञापन एजेन्सीमा जागिरे भई काम गरेका |

लन्डनमा आस्ट्राल ग्रुपका निर्देशक (२०१७)

डेनिसस र हावर्ड विश्वविद्यालयका प्रोफेसर (२०२४)

प्रभात र हिमाली पत्रिकाका सम्पादक

तत्कालीन नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका उपकुलपति र

कुलपति

नेपाल आर्ट काउन्सिलका संस्थापक सदस्य

विभिन्न देशमा चित्रकला प्रदर्शनी

मृत्यु वि.सं २०५९

**अथवा**

ख. **मोबाइलको उपयोग** शीर्षकमा दुई साथीका बिचको संवाद लेख्नुहोस् ।

**१४. कुनै एकको भाव विस्तार गर्नुहोस् :** ४

क. मेरो विचारमा जननी र जन्मभूमि स्वर्गभन्दा पनि महान् छन् ।

ख. अर्काको भाग खोसेमा डाका अर्को हुँदैन रे
आफ्नो भर परे आफैँ लाञ्छनाले छुँदैन रे ।

**१५. कुनै दुई प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् :** ८

**क तलको जीवनीको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस्** :

रुइतले पहिलेदेखि नै नेपालमा एउटा सुविधासम्पन्न आँखा उपचार केन्द्रको सपना देखेका थिए । उनको सपनालाई साकार पार्न अस्ट्रेलियास्थित फ्रेड हलोज फाउन्डेसन , समाजसेवी तथा साहित्यकारलगायतले साथ दिए । सबैको सामूहिक प्रयासबाट वि. सं. २०५१ म तिलगङ्गा आँखा केन्द्रको स्थापना भयो , जुन केन्द्र अहिले मानव संसाधन तालिम केन्द्र बनेको छ । उनले नेपालमा रहँदा मात्र होइन,अस्ट्रेलियामा हुँदासमेत आँखाको रोगसम्बन्धी विभिन्न खोज तथा अनुसन्धान गरे । उनले लामो समयको खोज र अनुसन्धानपछि **'इन्ट्राओकुलर लेन्स'** बनाए र आँखाको शल्यक्रिया गर्ने नयाँ उपचार पद्धति पत्ता लगाए । उनले पत्ता लगाएको नयाँ पद्धतिअनुसार शल्यक्रियापछि इन्ट्राओकुलर लेन्स बिरामीको आँखामा लगाइन्छ र बिरामीहरू आफ्नै आँखाबाट संसार देख्छन् । यस्तो लेन्स विदेशमा भन्दा नेपालमा सस्तो पर्छ । त्यसैले अहिले विश्वका अधिकांश मुलुकमा यही लेन्सको प्रयोग गर्न थालिएको छ ।

प्रश्नहरू:

अ.इन्ट्राओकुलर लेन्स भनेको के हो ?

आ.रुइतको सपना कसरी साकार भयो ?

**ख. तलको कवितांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस्**

मलाई झुर सडक
खत्तम र रद्दी सडक भन्नेहरू
आफूलाई कुखुराको गुलाफी फुल सम्झेर

सुरक्षित घुमफिर गर्नेहरू
जसलाई सोध्नुपर्ने हो उहीसँग सोध
सडक किन यस्तो भयो ?
मलाई मात्र सरापेर भएन
म लाञ्छित, थकित र शब्दहीन सडक बोल्दै छु ।

**प्रश्नहरू :**

अ. यस कवितांशको मूल भाव के हो ?

आ. सडकले कस्तो गुनासो पोखेको छ ?

**ग. तलको नाटकको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

कमानसिंह वृद्ध उमेरकी आमा , उमेरदार जहान , बालक छोरालाई केही कमाइएला कि भनेर पैसाकै निम्ति छोडेको न हुँ । मन त कहाँ पो मानेको छ र ? भैगो , आएँ, आएँ, अब जान्नँ । दस लोटा पानी अटाएको गाग्रोमा एक मुठी बढी कसो नअटाउला त ? हो चित्त बुझ्यो आमै । आफ्नै गाउँमा बस्नुपर्छ , आफ्नै छानो छाउनुपर्छ , आफ्नै घरमा रमाउनुपर्छ । जे भए पनि चार पाँच वर्ष बसिहालियो , नुनको सोझो, म आउन नपाउने भएँ भनेर एउटा चिठी पठाइदिन्छु ।

**प्रश्नहरू** :

अ.कमानसिंह किन विदेश गएको थियो ?

आ किन उसले फेरि विदेश नजाने विचार गरेको हो ?

**१६. प्रत्येक व्यक्ति भुँडीको एक अवतार हो भन्ने भनाइप्रति तपाईंको सहमति या असहमति के छ ? तर्क दिनुहोस् । ४**

**१७.कुनै एकको विवेचनात्मक उत्तर दिनुहोस् : ८**

क) प्रत्यागमन कथामा नेपाली समाजका केकस्ता वास्तविकतालाई देखाइएको छ ? बयान गर्नुहोस् ।

ख) माउजङ बाबुसाहेबको कोट कथामा केकस्तो मनोविज्ञानको चित्रण गरिएको छ ?विवेचना गर्नुहोस् ।

**१८. कुनै एक शीर्षकमा २०० शब्दसम्मको निबन्ध लेख्नुहोस् : ८**

क) मेरो भविष्यको योजना

ख) मलाई मन पर्ने खेल

ग) हाम्रो संस्कृति हाम्रो गौरव

**सफलताको शुभकामना ।**